नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागमा विभिन्न मितिमा प्राप्त गुनासो व्यवस्थापनको लागि आकस्मिक (-यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३/०४/१२ मा अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | व्यवसाय/खाद्य पदार्थको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | **निर्देशन / कारबाही** |
|---|---|---|---|
| १. | एम एन आदर्श बोयज होस्टल, बिजुली बजार | • उपभोग्य मिति समाप्त भएको खाद्य पदार्थ प्रयोग गरिएको<br>• व्यक्तिगत सरसफाइको कमि रहेको<br>• कीट नियन्त्रणको व्यवस्था सन्तोषजनक नरहेको<br>• उजुरीमा उल्लेख भए बमोजिम अस्वच्छ तरिकाले खाद्य पदार्थ तयारी गरेको जसमा भान्साको केहि भाग खुल्ला अवस्थामा रहेको पाइयो<br>• सरसफाइ सामान्य रहेको। | • कीट नियन्त्रणको व्यवस्था थप प्रभावकारी बनाउन निर्देशन दिइएको<br>• खाद्य स्वच्छता कायम गर्न निर्देशन दिइएको<br>• व्यक्तिगत सरसफाइका लागि हेयरनेट, एप्रोन लगायतको व्यवस्था गर्न निर्देशन दिइएको<br>• थप अनुसन्धान प्रक्रिया काठमाडौं मा. न. पा. ले अगाडि बढाउने भएको। |
| २. | सिरिन हस्पिटालिटी सर्भिसेस प्रा. लि., (पाहुना भोज) | • भान्सामा साङ्लाको प्रकोप देखिएको<br>• उजुरीमा उल्लेख गरे बमोजिमको गन्ध आएको माछाजन्य परिकार फेला नपरेको<br>• कीट नियन्त्रणको व्यवस्था प्रभावकारी नभएको<br>• फोहोरदानी खुल्ला अवस्थामा रहेको<br>• खाद्य रंगको अव्यवस्थित प्रयोग भएको<br>• फ्रिजमा खाद्य पदार्थ अव्यवस्थित रुपमा भण्डारण गरिएको<br>• एक (१) थान उपभोग्य मिति समाप्त भएको फ्रुट सिरप भेटिएको<br>• सरसफाइको अवस्था सामान्य रहेको। | • कीट नियन्त्रणको व्यवस्था थप प्रभावकारी बनाउन निर्देशन दिइएको<br>• खाद्य रंगको प्रयोग उचित ढंगले गर्न निर्देशन दिइएको<br>• फ्रिजमा खाद्य पदार्थ व्यवस्थित रुपमा भण्डारण गर्न निर्देशन दिइएको<br>• खाद्य स्वच्छता कायम गर्न निर्देशन दिइएको<br>• थप अनुसन्धानको प्रक्रिया काठमाडौं म. न. पा. ले अगाडि बढाउने भएको। |

| | | | |
|---|---|---|---|
| ३. | कलैया सेकुवा प्रा. लि., काठमाडौं — १० | • लेबल नभएका तथा अनुमतिपत्र प्राप्त नगरेका खाद्य पदार्थ प्रयोग गरिएको<br>• कीट नियन्त्रणको व्यवस्था भए पनि प्रभावकारी नभएको<br>• खाद्य पदार्थ व्यवस्थित तरिकाले भण्डारण नगरिएको<br>• उजुरीमा उल्लेख गरे बमोजिमको खाद्य पदार्थमा कपाल नभेटिएको<br>• एक (१) थान उपभोग्य मिति समाप्त भएको फ्रुट सिरप भेटिएको<br>• सरसफाइ सामान्य रहेको। | • उपभोग्य मिति समाप्त भएको फ्रुट सिरप नष्ट गरिएको<br>• कीट नियन्त्रणको व्यवस्था थप प्रभावकारी बनाउन निर्देशन दिइएको<br>• खाद्य पदार्थको भण्डारण व्यवस्थित तरिकाले गर्न निर्देशन दिइएको<br>• लेबल नभएका तथा अनुमतिपत्र प्राप्त नगरेका खाद्य पदार्थ प्रयोग नगर्न निर्देशन दिइएको<br>• खाद्य स्वच्छता कायम गर्न निर्देशन दिइएको<br>• थप अनुसन्धानको प्रक्रिया काठमाडौं म. न. पा. ले अगाडि बढाउने भएको। |
| ४. | न्यु दुध सगर, काठमाडौं — १६, माछापोखरी | • भान्सामा साङ्लाको प्रकोप देखिएको<br>• कीट नियन्त्रणको व्यवस्था प्रभावकारी नभएको<br>• व्यक्तिगत सरसफाइ सामान्य रहेको<br>• उजुरीमा उल्लेख गरे बमोजिमको रसवरिमा कपाल नभेटिएको<br>• खाद्य पदार्थ तारेको तेलको TPM १८.५ भई मापदण्ड अनुकूल पाइएको<br>• सरसफाइ सामान्य रहेको। | • कीट नियन्त्रणको व्यवस्था थप प्रभावकारी बनाउन निर्देशन दिइएको<br>• खाद्य स्वच्छता कायम गर्न निर्देशन दिइएको<br>• थप अनुसन्धानको प्रक्रिया काठमाडौं म. न. पा. ले अगाडि बढाउने भएको। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः चार (४) वटा** | | | |

Sharma

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०४/१३

<u>**अनुगमनका केहि झलकहरु:**</u>
















